bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY




वर्ष ४० अंक ४७ | २०७८ जेठ २४ गते सोमबार, नेपाल सम्वत् ११४१ June 07, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# बजारमा भन्दा ग्रामीण क्षेत्रमा संक्रमण बढ्दो

## - तनहुँमा कोरोनाका १ हजार १८४ सक्रिय संक्रमित, ६४ जनाको मृत्यु
## - व्यापार व्यवसाय कि पुरै खोलौं कि केही दिन पूर्ण रूपमा बन्द गराऔं

**भञ्ज्याङ समाचारदाता/दमौली**

नयाँ भेरियन्ट सहितको कोरोना संक्रमण समुदायस्तरमै फैलिएपछि तनहुँमा स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको एक महिना बितेको छ । कोरोना संक्रमण अन्य कुनै पनि क्षेत्र खुल्ला नगर्न निर्देशन जारी गरेको छ । तरकारी, खाद्यन्न, फलफूल, दुध लगायतका वस्तु खरिद बिक्रीका लागि प्रत्येक दिन बिहान ५ देखि ९ बजेसम्म र बैंक तथा वित्तीय संस्था बिहान १० देखि १२ बजेसम्म खुल्ने गरेका व्यवसायलाई समय तोकेर खुल्ला गर्न दिंदा भिडभाड बढेको र यसले कोरोना भाइरस संक्रमणको जोखिम बढेको बताए । उनले भने, 'की सबै क्षेत्र खुल्ला गर्न दिनुपर्‍यो होइन भने स्वास्थ्य संस्था बाहेक अन्य सम्पूर्ण क्षेत्र केही दिन पूर्णरूपमा बन्द गराउनुपर्छ ।'

विशेष गरी सदरमुकाम दमौली बजार क्षेत्रमा यो समयमा निकै भिडभाड हुने गरेको छ । निश्चित समय तोकिएर तरकरी, खाद्यन्नका पसल खुल्ला हुने र बैंक तथा वित्तीय संस्थाहरू पनि खुल्ने भएकाले मानिसहरूको भिडभाड हुने गरेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरी सुरक्षा व्यवस्थापनमा खट्टिएपनि नागरिक स्तरबाट लापरवाही बढ्दो छ ।

यस्तै, निषेधाज्ञाको समयाबधि लम्बिदै जाँदा र सार्वजनिक यातायातका साधान सञ्चालन नहुँदा वैदेशीक रोजगारीमा जाने समेत समस्यामा परेको व्यास-१४ कुलुङका लाल बहादुर थापा बताउँछन् । घर विदामा आएपछि निषेधाज्ञा भएपछि आफु रोजगारीमा जान नपाएको र आज जे जसरी हुन्छ भारत जानका लागि सदरमुकाम आइपुगेको उनले बताए । विदामा घर फर्किएकाहरू निषेधाज्ञाका कारण रोजगारीमा जान नसक्दा घरपरिवारमा समस्या आएको हुँदा सुरक्षा सावधानी अपनाएर जाने व्यवस्था मिलाइदिनु पर्ने बताउन थालिएको छ ।



**सदरमुकामबाट गाउँ फर्कदै** : तनहुँको ग्रामीण क्षेत्रबाट सदरमुकाम दमौलीमा आफुले उत्पादन गरेको वस्तु बिक्रीका लागि आएका महिलाहरू पुनः गाउँतर्फ फर्कदै । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

तथा रोकथामका लागि भन्दै जारी गरिएको निषेधाज्ञा जेठ मसान्तसम्म लम्बिएको छ। निषेधाज्ञा लम्बाइएपनि जिल्लामा कोरोना संक्रमण दर भने घट्न सकेको छैन । तनहुँका बजार क्षेत्र भन्दा अहिले ग्रामीण क्षेत्रका बासिन्दा संक्रमति हुनेको संख्या समेत बढ्दै गएको छ ।

निषेधाज्ञाको समयमा स्थानीय प्रशासनले अत्यावश्यक बाहेक छन् । यस्ले गर्दा यो समयमा जिल्लाका बजार क्षेत्रमा भिडभाड हुने गरेको छ । जिल्लामा दैनिक संक्रमित र मृत्यु हुनेको संख्य बढ्दै गएकाले स्वास्थ्य क्षेत्र बाहेक अन्य सबै क्षेत्र पूर्ण रूपमा बन्द गराउनुपर्ने दमौलीका व्यवसायीहरूले बताउने गरेका छन् ।

व्यस-२ गणेशमानचोकका व्यवसायी पविन्द्र भट्टराईले केही

स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी सबै क्षेत्र खुलाउनु दिनुपर्ने व्यास-२ कै व्यापारी बाबुराम न्यौपाने बताउँछन् । उनले भने, 'कि सबै क्षेत्र पूर्ण रूपमा बन्द गराउनु पर्‍यो, होइन भने सबै बन्द गर्नुपर्छ। केही क्षेत्रलाई खुल्ला गर्दा भिडभाड बढ्यो, नागरिक स्तरबाट समते लापरवाही हुन थाल्यो ।'

यस्तै, तनहुँका १० वटै स्थानीय पालिकाको बजार क्षेत्र भन्दा ग्रामीण क्षेत्रमा पछिल्लो समय कोरोना संक्रमण बढ्दै गएको छ । व्यास नगरपालिकामा सबै भन्दा बढि संक्रमण देखिएको छ । नगरपालिकाको बजार क्षेत्र भन्दा ग्रामीण क्षेत्रका बासिन्दाको बढ्दो लापरवाहीका कारण संक्रमण बढ्दै

बाँकी तेश्रो पेजमा

# पीसीआर प्रयोगशालाको भवन पूर्वाधार तयार

## व्यासले न्यून विद्यार्थी संख्या भएका विद्यालयलाई एकीकरण प्रक्रिया अगाडि बढाउने

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँका ९ वटा स्थानीय पालिका, संघ, प्रदेश सरकार तथा विभिन्न सामाजिक संघ संस्था, व्यक्तिहरूको लागत सहभागिता र सहयोगमा सञ्चालन गर्न लागिएको पीसीआर प्रयोगशालाको आवश्यक भवन पूर्वाधार निर्माण सम्पन्न भएको छ । व्यास-१० दुम्सीमा स्थापना गरिन लागिएको प्रयोगशालामा आवश्यक मेसिनरी कार्यका लागि गण्डकी प्रदेश प्रयोगशालाका तर्फबाट अध्ययन गरी आवश्यक सामाग्रीहरूको खरीद प्रकृया अघि बढाइएको व्यास

### कोभिड-१९ बिरूद्धको भेरोसिल खोप व्यास नगरपालिले प्राथमिकताका आधारमा ६४, ६३, ६२, ६१ र ६० वर्ष उमेर समुहका नागरीकहरूलाई लगाइने

नगरपालिकाले जनाएको छ ।

उक्त प्रयोगशाला निर्माणका लागि व्यास-११ स्थित सृजनाशिल दिदीबहिनि समुहको तर्फबाट ५० हजार ५ रूपैयाँ, व्यास-३ निवासी बुद्धीकुमार बतासको तर्फबाट ११ हजार रूपैयाँ, संघीय सरकारको तर्फबाट २५ लाख रूपैयाँ, गण्डकी प्रदेश सरकारबाट ५० लाख रूपैयाँ, नगरपालिकाका जनप्रतिनिधिहरूको १ महिनाको प्राप्त हुन आउने सेवा सुविधा बराबरको रकम सहयोग प्राप्त भएको नगरपालिकाले जनाएको छ ।

नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा आइतबार बसेको नगर कार्यपालिकाको बैठकमा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नगरपालिकाद्वारा हालसम्म भएका कार्यक्रमको समिक्ष गरिएको छ। बैठकले नेपाल सरकारबाट उपलब्ध कोभिड-१९ बिरूद्धको खोप भेरोसिल यस नगरपालिका भित्रका खोप उपलब्धतालाई मध्यनजर गरी प्राथमिकताको आधारमा क्रमशः ६४ वर्ष, ६३ वर्ष, ६२ वर्ष, ६१ वर्ष र ६० वर्ष पुगेका नगरबासी नागरीकहरूलाई मात्र मंगलबार नगरपालिका अन्तरगतका प्रत्येक वडाका स्वास्थ्य केन्द्रहरूमा लगाइने निर्णय गरेको छ । विशेष कारणवस २५ गते वडामा लगाउन छुट भएकाहरूको लागि २६ गते व्यास नगरपालिकाको सभाकक्षबाट लगाउने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने बैठकले निर्णय गरेको छ।

विपद् व्यवस्थापन सम्बन्धमा वडागत जोखिम क्षेत्रहरू तोक्ने, २०७७ असारमा बाढी, पहिरोबाट भत्किएका घरहरूको ३ दिनभित्र सर्वेक्षण सम्पन्न गर्ने र घर निर्माण प्रकृया अगाडि बढाउने, हाल विपदबाट पीडित परिवारलाई वडाको सिफारीसका आधारमा तत्काल राहत वितरण गर्ने निर्णय बैठकले गरेको छ ।

यस्तै, आर्थिक वर्ष २०७८/०७९ को बजेट, नीति तथा कार्यक्रमको तयारी चलिरहेकाले सम्पुर्ण नगरबासी, व्यवसायी, नागरीक समाज, राजनैतिक दल, जनप्रतिनिधिहरूसंग जेठ २८ गतेसम्म अनलाइन मार्फत तथा प्रत्यक्ष रूपमा सुझाब माग गर्ने निर्णय गरेको छ नगर प्रवक्ता एवं वडाध्यक्ष मोहन कुमार श्रेष्ठले जानकारी गराएका छन् । आर्थिक वर्ष २०७८/०७९ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा बैठकमा जानकारी गराइएको र आर्थिक वर्ष २०७८/०७९ को बजेट

बाँकी अन्तिम पेजमा

# असारदेखि नयाँ भर्ना शुरू गराउँदै शिक्षा मन्त्रालय, शिक्षक महासंघ पर सार्ने पक्षमा

**प्रकाश सिलवाल/काठमाडौं**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले आउँदो असार १ गतेदेखि वैकल्पिक माध्यमबाट नयाँ शैक्षिकसत्र शुरू निर्देशन दिनुभएको छ भने विद्यालय शिक्षाको एक मुख्य पक्ष शिक्षक समुदायले हतार नगर्न आग्रह गरेको छ । शिक्षामन्त्री श्रेष्ठले असार १ गतेबाट नयाँ भर्ना प्रक्रिया र कक्षा सञ्चालन गर्न आग्रह गर्दै त्यसका लागि कार्यत्रम तर्जुमा गर्न आइतबार मन्त्रालयका उच्च कर्मचारीलाई निर्देशन दिनुभएको हो । कोभिड-१९ का कारण चालु शैक्षिकसत्र जेठसम्म लम्ब्याइएपछि नयाँ सत्र असार १ गतेदेखि हुने पूर्व निर्धारण गरिएकामा यस वर्षको दोस्रो लहरको कोरोना रोकथामका लागि अधिकांश जिल्लामा निषेधाज्ञा जारी छ । वैकल्पिक माध्यमबाट सम्भव नभएका स्थानमा कसरी कक्षा सञ्चालन गर्ने भन्ने अन्योल भने कायमै छ । विद्यालय शिक्षा सञ्चालनको अधिकार स्थानीय तहको भएकाले कक्षा सञ्चालनको मिति आफू अनुकूल हुन सक्ने भएपनि राष्ट्रियरूपमा कुन मितिदेखि शैक्षिकसत्र गणना गर्ने भन्ने केन्द्र सरकारले तय गर्दै आएको छ ।

नेपाल शिक्षक महासंघका अध्यक्ष बाबुराम थापाले चालु शैक्षिकसत्रमा कात्तिकदेखि मात्रै सामुदायिक विद्यालयमा राम्रोसँग पढाइ शुरू भएकाले कोर्स पूरा गरी, वार्षिक परीक्षा र परीक्षाफल प्रकाशनपछि नयाँ भर्ना गर्दा साउन-भदौ पुग्ने सक्ने भएकाले सोअनुसार गर्न सरकारलाई आग्रह गर्नुभयो । अध्यक्ष थापाले राससमसँग भन्नुभयो, "स्थितिको समग्र विश्लेषणविना हतारहतार असारदेखि कक्षा सञ्चालन गर्नुले निजी विद्यालयलाई मात्रै प्रोत्साहन हुन्छ। सबै सामुदायिक विद्यालयमा वैकल्पिक माध्यमको पढाए प्रभावकारी नभएको पक्षलाई पनि भुल्न हुँदैन ।" विद्यालय शिक्षामा ८० प्रतिशत हिस्सा सामुदायिक विद्यालयको छ ।

हरेक वैशाखमा शुरू भई चैतमा सकिने शैक्षिकसत्रलाई यस वर्ष कोभिड-१९ का कारण प्रभावित दुई महिना थप गरेर व्यवस्थापन गर्न लागिएको हो । विद्यमान शिक्षा नियमावलीमा वर्षमा २२० दिन विद्यालय खुल्नुपर्ने १९२ दिन पढाइ हुनुपर्ने व्यवस्था भएकामा कोरोना महामारीपछि विद्यालय पूर्ववत् सञ्चालन हुन नसक्दा सञ्चार तथा सूचना प्रविधिको सहायतामा वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण भएका बेला पाठ्यक्रम समायोजन गरी सिकाइ निरन्तरता गरिएको छ । कोरनोको जोखिम घट्दै गएको र लामो सयम वैकल्पिक माध्यममा शिक्षा दिंदा सिकाइ गुणस्तरमा नकारात्मक असर पर्न सक्ने भएकाले पछिल्लो समयमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी विद्यालय सञ्चालनको क्रम शुरू भएको छ । जाडो विदा समेत नदिइ कक्षा सञ्चालन भएकाले शैक्षिकसत्र व्यवस्थापनमा यसले सकारात्मक प्रभाव पार्ने देखिएको छ ।

कोरोना महामारीका कारण एक स्थानका विद्यालयमा भर्ना भएका विद्यार्थी अन्यत्र बसेर अध्ययन गरिरहेको स्थितिमा माध्यमिक शिक्षा

बाँकी तेश्रो पेजमा

# स्वास्थ्यकर्मीको परिचयपत्र भिरेर लागूऔषध ओसारपोसार

**भञ्ज्याङ समाचारदाता/दमौली**

जिल्ला प्रहरी कार्यालय तनहुँले स्वास्थ्यकर्मीको परिचयपत्र भिरेर लागूऔषध ओसारपोसार गर्ने दुई जना पक्राउ परेका छन् । जिल्लाको आँबुखैरेनी गाउँपालिका-४ बेनिटारमा कोरोना रोकथाम तथा न्यूनिकरणको लागि सवारी साधन चेकजाँच गर्ने क्रममा दुई जनालाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा व्यास नगरपालिका-१२ घाँसीकुवा स्थायी घर भइ हाल गोरखा नगरपालिका-१४ पाङ्गोटका २६ वर्षीय उमेश खत्री र गोरखा अरूघाट गाँउपालिका-१ स्थायी घर भइ हाल वडा नं. ७ सतिपिपल बस्ने २४ वर्षीय पूर्णसिंह गुरूङ रहेको तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले बताए । उनले भने, 'मुग्लिङबाट आँबुखैरेनीतिर प्रदेश ३-०२-००२ प ६९०० नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा स्वास्थ्यकर्मीको परिचय पत्र भिरेका पूर्णसिंहको पछाडि बसेका उमेशको झोलाभित्र लागूऔषध भेटिएको हो ।'

प्रहरीले उनीहरूबाट डाइजेपाम र फेनरागन ९४/९४, नुफिन ९६ गरी २८४ थान लागूऔषध बरामद गरेको छ। प्रहरीका अनुसार हेल्थ असिस्टेन्टको कार्ड भिरेका पूर्णसिंहको साथबाट पनि ४ थान सिरिन्ज फेला परेको छ । पक्राउ परेका दुबैमाथि जिल्ला अदालतबाट म्याद थप भइ अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## सम्पादकीय...........

# लापरवाही बढ्यो

नेपालमा अहिले नयाँ भेरियन्ट सहितको दोश्रो लहरको कोरोना कहरले आक्रान्त पारेको छ । गत वैशाख महिनादेखि दोश्रो लहरको कोरोना संक्रमण देखिन थालेको थियो । जेठको पहिलो साता नेपालमा कोभिड–१९ संक्रमण र त्यसबाट हुने मृत्युदर उच्च थियो । जेठ १ गतेको तथ्याङ्क हेर्ने हो भने आठ हजारभन्दा माथि दैनिक संक्रमित हुँदा १८७ जनाले ज्यान गुमाएका थिए । त्यसबेला मृत्युदर पनि बढ्दो थियो । जेठ दोस्रो साताबाट संक्रमण दरभन्दा निको हुने दर विस्तारै बढ्न थालेको छ । आइतबारको तथ्याङ्क हेर्ने हो भने झण्डै ३ हजार ५०० संक्रमित हुँदा निको हुने दर झण्डै दोब्बर छ हजार ६०० माथि पुगेको छ । विगतमा दैनिक २४५ जनासम्म मृत्यु भएकोमा अहिले मृत्युदर घटेर दुई अंकमा झर्नु सुखद संकेतका रूपमा पनि लिन सकिन्छ । आइतबार मुलुकभर ९९ जनाले कोरोनाबाट ज्यान गुमाएका छन् । अघिल्लो महिना वैशाखको यो समयमा संक्रमण दैनिक नौ हजार माथि थियो । पछिल्लो समयमा मुलुकभर यसरी संक्रमण र मृत्युदरमा केही न्यूनीकरण आएको देखिएसँगै मानिसको लापरवाही भने बढ्न थालेको छ । कोरोना नियन्त्रणका लागि जारी गरिएको निषेधाज्ञा उल्लंघन गरी नागरिक सडकमा बिनाकाम हिड्डुल गर्ने क्रम विस्तारै बढ्न थालेको छ । बिहान बेलुका यसरी निस्कने मानिसलाई प्रहरीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएको छैन । गल्लीका सडक बजारमा अझै प्रहरीको उपस्थिति न्युन हुँदा झनै लापरर्वाही बढ्दै गएको छ । तनहुँमा निषेधाज्ञा जारी गरिएको एक महिना बितेपनि संक्रमण दर नघटेको भन्दै पुनः जेठ मसान्तसम्मका लागि निषेधाज्ञा बढाइएको छ । निषेधाज्ञा जारी गर्दै सुरक्षित रूपमा केही दिन घरमै बस्न अनुरोध गरिएको छ।

तर, प्रहरीको आँखा छलेर बाहिर निस्कने जमात यत्रतत्र देखिएको छ । कतिपय व्यक्ति दोकान अगाडि बस्ने । अनि ग्राहक आएपछि सटर खोलेर सामान दिने त्यसपछि पुन सटर लगाएर त्यसैगरी कुरेर बस्ने गरेका पनि देखिन्छ । यो क्रम मुलुकका अधिकांश क्षेत्रमा जारी छ । कतिपयले कुनै सामान चाहियो भने फोन गर्नुहोला भनेर सटरमा नम्बर टाँसेर समेत राखेको देखिन्छ । निषेधाज्ञा लगाउनुको उद्देश्य संक्रमणको साङ्लो चुँडाल्नु हो । यस्ता गतिविधिले भने साङ्लो चुँडाल्न समस्या हुन्छ । केही समय सर्बसाधारण आफैँ सचेत हुने हो भने संक्रमण रोक्न सकिन्छ । प्रहरी र प्रशासन तथा सरकार लागि परेर मात्र संक्रमण रोक्न सक्ने अवस्था नभएकाले हामी स्वयं नागरिक नै सचेत र जिम्मेवार बन्नुपर्ने समय छ । कोरोना संक्रमणदर कम हुँदै गएको भन्ने सूचनाहरू सार्वजनिक भएपछि त्यसले मानिसको सोचमा परिवर्तन गरिदिएकाले बाहिर निस्कन मद्दत गरेको पो हो कि भन्ने पनि देखिएको छ । संक्रमण घटेपछि पनि अझै सावधानी अपनाउनु पर्ने अवस्था छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अब तेस्रो र चौथो लहरको कोरोना आउनसक्ने भन्दै चेतनावनी दिइसकेको छ । त्यसबेला बालबालिका बढी खतरामा पर्ने भएकाले त्यसको सामनाका लागि तयारी अवस्थामा रहन अस्पताललाई निर्देशन समेत दिइसकेको छ । यस्तो अवस्थामा कुनै पनि हालतमा लापरवाही गर्न हुँदैन । संक्रमण केही घटे पनि जोखिम कायमै रहेको हुँदा नागरिक आफैँ सचेत भएर सावधानी अपनाउनुपर्ने कुरामा खेलवाड नगरौं । सरकार तथा स्वास्थ्य विज्ञहरूले जारी गरेको निर्देशनलाई पूर्ण पालना गरी जिम्मेवार नागरिकको कर्तव्य पुरा गरौ । समस्या परेको व्यक्ति पहिचान गरी आ–आफ्नो ठाउँबाट सक्दो सहयोग गरौं । यो संकटको घडीमा सरकारको मात्र मुख ताकेर नहुने हुँदा हामी सबै हातेमालो गरी कोरोना विरूद्धको लडाईमा लड्नु पर्छ । केही समय संकट भएपनि त्यसपछिका दिन सुनौला हुने छन् । त्यसैले लापरवाही नगरौं, स्वास्थ्य सुरक्षालाई ख्याल गरौं ।

# कोभिड-१९ : संक्रमण नियन्त्रण गर्न, हाम्रा उपायलाई दिगो र व्यापक बनाऔं

पछिल्ला महीनाहरूमा विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को परिभाषा अनुसारको दक्षिणपूर्वी एशियाली क्षेत्रमा सार्स–कोभ–२ (कोरोनाभाइरस) संक्रमणमा तीव्र र निरन्तर वृद्धि भइरहेको छ । अप्रिल र मे महीनाभरि निरन्तर रूपमा यस क्षेत्रमा २० लाखभन्दा बढी नयाँ संक्रमित थपिएका छन् भने केही ठाउँहरूमा संक्रमण पुष्टि हुने दर ४० प्रतिशतभन्दा पनि बढी भएको प्रतिवेदन प्राप्त भएका छन् । विभिन्न सदस्य राष्ट्रहरूमा विश्व स्वास्थ्य संगठनले 'भेरियन्ट अफ कन्सर्न' भनी घोषणा गरेका भेरियन्टको उपस्थिति पुष्टि भएको छ । तिनकै कारण संक्रमणको दर बढेको हुन सक्छ । कोभिड–१९ विरूद्धको लडाइँमा यो क्षेत्र र सिङ्गो संसार नै महत्त्वपूर्ण क्षणमा आइपुगेको छ । कुनै पनि देश सुरक्षित छैन र हामी सबै जोखिममै छौं ।

मानिस थाकिसकेका छन् । विगत करीब १८ महीनामा उनीहरूले आफू र आफ्ना मान्छेलाई बचाउन सम्भव भएसम्मका सबै उपाय लगाइसके । तर पनि हामी अझै विश्वव्यापी महामारीको चरम अवस्थामै छौं। विशेषगरी विश्वका केही देशहरु सामान्य अवस्थातर्फ फर्किंदै गर्दा खोपको खुशीले हुने उन्माद र यसका कारण तत्परतामा आउन सक्ने ह्रास हानिकारक हुन सक्छन् । यस क्षेत्रका सबै देशहरूमा आगामी दिनको चुनौतीको अवस्थालाई मध्यनजर गर्दै हाम्रा प्रतिकार्यहरु कायम राख्नु र अझ बृहत् बनाउनु आवश्यक छ ।

**यो क्षेत्र कसरी अगाडि बढ्नुपर्छ?**

**प्रथमतः** प्रभावकारी पुष्टि भएका जनस्वास्थ्य सम्बन्धी तथा सामाजिक उपायहरूको सक्रियतापूर्वक कार्यान्वयन गरिनुपर्छ । नयाँ भेरियन्ट विरूद्ध हाम्रा सबैभन्दा गतिला आत्मरक्षाका उपाय तिनै हुन् । भौतिक दूरीले साँच्चै काम गर्छ । त्यसैगरी मास्कको प्रयोग र हातको सफाइले पनि । त्यसैगरी स्वच्छ हावाको आवतजावत (भेन्टिलेसन), परीक्षण, सम्पर्क पहिचान (कन्ट्याक्ट ट्रेसिङ) र संक्रमितको एकान्तवास (आइसोलेसन), यी सबै साधनले संक्रमणको विस्तारलाई नियन्त्रण गर्न, जीवन बचाउन र अन्य क्षेत्रमा यसको असर कम गर्न काम गर्छन् ।

हामीले तीन 'डब्ल्यु'लाई निरन्तर लागू गर्नुपर्छ : वेर अ मास्क, वास ह्यान्ड्स एन्ड वाच डिस्टेन्स (मास्क लगाऔं, हात धोऔं र दूरी ख्याल गरौं) । अनि, हामीले तीन 'सी' लाई टाढै राख्नुपर्छ : क्राउडेड प्लेसेस, क्लोज–कन्ट्याक्ट सेटिङ्ग एन्ड कन्फाइन्ड एन्ड इन्क्लोज्ड स्पेसेस (भीडभाड, नजिकको सम्पर्क र बन्द एवं साँघुरो ठाउँ) ।

**दोस्रो,** संक्रमितको संख्या जति भए पनि सार्वजनिक स्वास्थ्य प्रणालीको अनुगमन र क्षमता विस्तार गरिनुपर्छ ताकि यसले जनसंख्याको आवश्यकता सम्बोधन गरोस्। संक्रमितको संख्या बढेको अवस्थामा स्थान, कर्मचारी र अक्सिजन एवं शय्या सहितका आवश्यक सामग्रीको उपलब्धता वृद्धि गर्न र सम्बन्धित स्वास्थ्य संस्थाहरूबीच समन्वयलाई उँचाइमा पुऱ्याउन चरणबद्ध योजना लागू गरिनुपर्छ। आफू स्वस्थ रहन आवश्यक पर्ने सबै सेवाको पहुँच सबैलाई उपलब्ध हुने सुनिश्चित गर्न अत्यावश्यक स्वास्थ्य सेवालाई निरन्तर रूपमा कायम राखिनुपर्छ। यस महामारीको सामना गर्दा यस क्षेत्रले यस विषयमा जोड दिंदै आएको पनि छ।

**तेस्रो,** राष्ट्रिय परिचालन तथा खोप योजनामा परिभाषित गरिएअनुसार प्राथमिकतामा रहेका समूहलाई खोप दिइनुपर्छ । खोपको ढुवानीमा हाल जारी चुनौतीमाझ देशहरूले उपलब्ध मात्रा (डोज) को अधिकतम प्रयोग गरी प्राथमिकतामा रहेका समूहको संरक्षणलाई विस्तार गर्नुपर्छ र जनस्वास्थ्यका लाभलाई अधिकतम बनाउनुपर्छ । खोपले मात्र यस महामारीको अन्त्य हुनेछैन भन्ने कुरा बुझ्दाबुझ्दै पनि खोप अभियानलाई प्राप्त राजनीतिक एवं जनस्तरको साथलाई निरन्तर प्रोत्साहन गरिनुपर्छ । आवश्यकता भन्दा बढी मात्रामा खोप उपलब्ध भएका देशहरूले बढी भएको मात्रा कोभ्याक्सलाई उपलब्ध गराउनुपर्छ, जसले सन् २०२१ को अन्त्यसम्म आफूमा सहभागी न्यून तथा मध्यम आय भएका देशहरूमा दुई अर्ब मात्रा खोप पुऱ्याउने लक्ष्य राखेको छ ।

हामी सबैले आ–आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । गलत सूचना तथा अफवाहले जोखिमपूर्ण व्यवहार बढाउन, रोग सार्न सहज बनाउन र महामारीलाई थप चर्को अनि लामो बनाउन सक्छन् । तिनले अस्पष्टता सिर्जना गरी सामाजिक विश्वासमा क्षति पुऱ्याउन सक्छन् । जबकि महामारी सामना गर्न सामाजिक विश्वास नै सबैभन्दा महत्त्वपूर्ण तत्त्वमध्ये एक हो। त्यसैले सूचना फैलाउनुअघि यसको स्रोतबारे ख्याल गरौं, अनि सूचना पुष्टि भएको हो वा होइन पनि निधो गरौं । उच्च गुणस्तरको सूचनाको संवाहक बनौं। विश्व स्वास्थ्य संगठनको वेबसाइट, यसका सामाजिक सञ्जाल एवं राष्ट्रिय तथा स्थानीय निकायहरूको वेबसाइट र सामाजिक सञ्जालमा यस्ता सूचना उपलब्ध हुन्छन् ।

कुनै पनि व्यक्ति वा समुदायलाई पछाडि नै रहन दिन सकिंदैन । संसारभरि नै कोभिड–१९ ले निश्चित जनसांख्यिक समूहलाई बढी प्रभाव पारेको छ । जसमध्ये कोही कोही विविध सामाजिक तथा सांस्कृतिक कारणले संक्रमणप्रति अन्यभन्दा बढी संवेदनशील वा स्वास्थ्य सेवामा पहुँच प्राप्त गर्नका लागि बढी संघर्षरत हुन सक्छन् । यो अवस्था असमान मात्र नभई अप्रभावकारी सावित हुन गएको छ। यस क्षेत्रका सबै देशहरूमा समतालाई निरन्तर रूपमा कोभिड–१९ सम्बन्धी निर्णय प्रक्रियाको मुख्य सवाल मानिनुपर्छ। चाहे त्यो परीक्षण र उपचारको पहुँचका सम्बन्धमा होस् वा सामाजिक तथा आर्थिक संरक्षणका सवालमा ।

हामी सबैले कठिन मिहिनेत गर्नुपर्नेछ । यस महामारीको शुरूआतदेखि नै विश्व स्वास्थ्य संगठनले यस क्षेत्रका आफ्ना सदस्य राष्ट्रहरूलाई महत्वपूर्ण मार्गदर्शन तथा सहयोग प्रदान गरिरहेको छ। पछिल्ला महीनाहरूमा यसले हजारौं अक्सिजन कन्सन्ट्रेटर, लाखौं रेस्पिरेटर मास्क र विभिन्न शृंखलामा सहायक स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

राष्ट्रिय पहलकदमीको सहयोगमा हजारौं कर्मचारीको कार्य–उद्देश्य परिवर्तन गरिएको छ। इतिहासमै सर्वाधिक तीव्र, समन्वयकारी र सफल विश्वव्यापी सहकार्यका रूपमा स्थापित भएको कोभिड–१९ टुल्स एक्सेलेरटरमा प्राप्त पहुँचबाट जीवनदायी लाभ लिन यस क्षेत्रका देशहरु निरन्तर लागिरहेका छन्, ताकि कोभिड–१९ को परीक्षण, उपचार तथा खोपको विकास, उत्पादन तथा समतामूलक पहुँचमा तीव्रता आओस् ।

ऐक्यबद्धता र सम्पूर्ण क्षेत्रको दिगो संकल्प मार्फत मात्र हामी संक्रमणलाई कम गर्न, नयाँ लहरलाई रोक्न तथा त्यसका लागि तयार रहन र आवश्यक सबैका लागि प्रमाणमा आधारित उपचार तथा प्रविधि उपलब्ध गराउन सक्छौं । जीवन र जीविका जोखिममा छन्, तर हामी सबैले निरन्तर अगाडि बढ्नुपर्नेछ। (डा. सिंह विश्व स्वास्थ्य संगठनको दक्षिणपूर्वी एशिया निर्देशक हुन् ।)

**खोपले मात्र यस महामारीको अन्त्य हुनेछैन भन्ने कुरा बुझ्दाबुझ्दै पनि खोप अभियानलाई प्राप्त राजनीतिक एवं जनस्तरको साथलाई निरन्तर प्रोत्साहन गरिनुपर्छ**

**डा. पुनम खेत्रपाल सिंह**



घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np
ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल | : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार | - ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले लक्ष्यमा पुर्याउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
पहिलेको सफलताले पनि हौसला जगाउनेछ । व्यापारमा मनग्य फाइदा हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
सानो गल्तीले काम दोहोर्याउनुपर्ला। महत्वाकांक्षी योजनामा आफ्नैले बाधा पुर्याउलान् ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
परिस्थितिवश काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
प्रतिस्पर्धामा विजयी भइनेछ । व्यापारलगायत अर्थ लाभ हुने योजना प्रारम्भ गर्न सकिनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
हुलमुलमा धनमाल गुम्न सक्छ। आक्षेप लगाउनेहरु सक्रिय हुनेछन् उपचारमा खर्च हुने समय छ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
आगन्तुकका कारण अध्ययनमा बाधा पुग्न सक्छ । बुद्धिको उपयोगले काम बन्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
वचन पुर्याउन नसक्दा आलोचित भइनेछ । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला ।



**एक वडा एक पोखरी अभियान :** तनहुँको आँवुखैरेनी गाउँपालिका-१ को यान्चोकमा पोखरी निर्माण गरिदै । गाउँपालिकाले एक वडा एक पोखरी र चौतारी अभियान सञ्चालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत मजदुरहरूलाई काममा खटाएको छ । *तस्विर : भञ्ज्याङ*

# अमेरिकी अर्थतन्त्र : तिब्र वृद्धितर्फ अग्रसर, तर पर्याप्त कामदार वा आपूर्तिको अभाव

रासस/एपी/वासिंटन

कोरोनाभाइरस महामारीका कारण सन् २०२० मा ठूलो आर्थिक संकट र बेरोजगारी झेलेको अमेरिकी अर्थतन्त्र अहिले तिब्र गतिमा अघि बढेको छ । कोरोना भाइरसको खोप लगाएसँगै खुला भइरहेको अमेरिकी अर्थतन्त्र अहिले कामदारको अभाव र आपूर्ति व्यवस्थामा समस्या झेलिरहेको छ। अमेरिकी धेरै कम्पनीले कामदार पाउन सकेका छैनन् भने ग्राहकका मागलाई पूर्ति गर्नेगरी सामानको आपूर्ति गर्न मुश्किल परेको छ । फिलाडेल्फियास्थित पारिवारिक फर्म चलाउने एल्मर सुल्ज सर्भिसेजका अध्यक्ष कर्बी माल्लोनले भननुभयो, 'अहिले परिस्थिति बिस्फोटक छ– अर्थात् बत्ती बाल्नु जत्तिकै छ ।' यस कम्पनीले रेस्टुराँ र अन्य ग्राहकका लागि भान्साघरका सामानको मर्मतसम्भार सम्बन्धी सेवा दिन्छ। उहाँले भन्नुभयो, 'श्रम बजार नियन्त्रण बाहिर छ। हामीले प्राविधिक भेट्टाउन सकेका छैनौं । हामीले यति चाँडै बजार खोल्यौं कि हामी सायद तयार नै थिएनौं ।'

आर्थिक क्षेत्रका विज्ञहरूले पनि अमेरिकी अर्थतन्त्रमा पछिल्लो परिस्थिति अनुमान गरेकै थिएनन्। 'के यो अर्थतन्त्र सबल भएकै कारण उत्पन्न भएको हो वा संघीय सरकारले उपलब्ध गराएको राहतका कारण भएको हो ?' अर्थ विदहरूको प्रश्न यही छ । धेरै पक्षबाट विचार गर्दा खुशी हुनुपर्ने कारणहरू छन् : अमेरिकी अर्थतन्त्र जनवरीदेखि मार्चबीचको अवधिमा ६.४ प्रतिशतले वृद्धि भएको छ । पछिल्लो त्रैमासिक अवधिमा अर्थतन्त्र झण्डै दोब्बर अंकले वृद्धि हुँदैछ ।

रोजगारीका क्षेत्रमा गत मे महिना पाँच लाख ५९ हजार नयाँ रोजगारी सिर्जना भएको थियो । गत अप्रिल महिनामा यस्तो रोजगारी दुई लाख ७८ हजार मात्र थप भएको थियो । अर्कोतर्फ, घरमै महिनौ बस्न विवश लाखौं उपभोक्ता बजारमा खुला रूपमा निस्किएका छन् र उनीहरू केही न केही सामान किन्न आतुर देखिएका छन् । उनीहरूलाई संघीय सरकारले यसै वर्ष उपलब्ध गराएको एक हजार ४०० अमेरिकी डलरको राहतले पनि खर्च गर्न उक्साएको छ ।

त्यस्तै अमेरिकी कारखानाहरू पनि आपूर्ति र कामदारको कमीकै बाबजूद पनि उच्च क्षमतामा सञ्चालन हुन थालेका छन् । सप्लाई म्यानेजमेन्ट इन्स्टिच्यूटको सूचक पनि गत महिना ६१.२ विन्दुमा पुगेको थियो । यो सूचकले ५० विन्दुभन्दा माथि भएमा वृद्धि जनाउँछ । अमेरिकामा प्रमुख १८ मध्ये १६ वटा कम्पनीले पर्याप्त आपूर्ति गर्न नसकेको जनाएको पनि इन्स्टिच्यूटको भनाई छ ।

# असारदेखि नयाँ भर्ना ........

परीक्षा कक्षा १० मा स्थानान्तरण गर्न पनि नियमावली बाधक भएकाले बाधा अड्काउ फुकाइने शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माले जानकारी दिनुभयो । यसअघि २०७२ मा गएको विनासकारी भूकम्पका समयमा अति प्रभावित १४ जिल्लाका कक्षा १० का विद्यार्थीलाई स्थानान्तरण गराई परीक्षा दिलाइएको थियो । सरकारले वैकल्पिक प्रणालीको सिकाइलाई शैक्षिकसत्रमा गणना गराउने गरी गत भदौ १९ गते 'विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७' जारी गरेको थियो। कोरोना महामारीको जोखिम बढिरहेकाले विद्यालय खुल्न नसकेको स्थिति र अन्य प्राकृति विपत्तिमा पनि यस प्रकारको वैकल्पिक सिकाइलाई मान्यता दिने गरी निर्देशिका जारी भएको हो । यो निर्देशिकासँगै चालु शैक्षिकसत्रमा विद्यार्थी अभिलेखीकरण (भर्ना), तथ्याङ्क संकलन, निजी विद्यालयमा स्थानीय तहले तोकेबमोजिमको शुल्क लिन, पाठ्यभार संकुचन गरी मूल्याङ्कनको विधि लागू गर्न स्थानीय तह र सम्बन्धित विद्यालयलाई सहज हुनेछ। सो अघि शिक्षा ऐन, नवौ संशोधन (२०२८) को दफा १९ 'क' को अधिकार प्रयोग गरी गत जेठ १८ गते 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी भई गत असार १ गतेदेखि वैकल्पिक प्रणालीको सिकाइ अनिवार्य कार्यान्वयन गरिएको थियो ।

यसैबीच, शिक्षा मन्त्रालय अन्तर्गत आगामी आर्थिक वर्ष २०७८/२०७९ को बजेट कार्यान्वयनका लागि कार्ययोजना बनाउन आज निर्देशन दिँदै मन्त्री श्रेष्ठले परिणाम देखिने गरी सबै काम अघि बढाउन विभागीय प्रमुखलाई आज निर्देशन दिनुभएको थियो । बजेटमा समेटिएको विषयलाई तत्काल कार्यान्वयनका लागि कार्यविधि योजना तयार गर्न ढिला गर्न नहुने स्पष्ट गर्दै उहाँले आगामी साउन १ गतेदेखि बजेट कार्यान्वयका विषयमा कुनै कसर बाँकी नराख्न भन्नुभयो । कार्यान्वयनमा हुनेगरी काम अघि बढाउन निर्देशन दिनुभयो । कार्यक्रममा मन्त्रालयका सचिव रामप्रसाद थपलियाले वैकल्पिक सिकाइ कार्यविधि कर्यान्वयन गरी कक्षा सञ्चालन गर्न सबै स्थानीय तहलाई आग्रह गर्नुपर्ने बताउनुभयो। आगामी आर्थिक वर्षको बजेटमा देशभरका १ हजार ५ सय विद्यालय र क्याम्पस पुनःनिर्माण गर्ने सरकारको योजना छ । यस्तै विद्यार्थीलाई ल्यापटप उपलब्ध गराउने, सहुलियत दरमा रू २५ लाखसम्म ऋण दिने, कक्षा ९ सम्म रङ्गीन पाठ्यपुस्तक उपलब्ध गराउने लगायतका कार्यक्रम बजेटमा समावेश छन् । रासस

# बजारमा भन्दा ग्रामीण क्षेत्रमा ..........

गएको व्यास नगरपालिकाका जनस्वास्थ्य अधिकृत प्रमोद सोतीले बताए । उनले भने, 'अहिले बजार क्षेत्र भन्दा ग्रामीण क्षेत्रमा संक्रमण बढि देखिन थालेको छ । वडावडाको स्वास्थ्य शाखाबाट कोरोनासंग मिल्दा जुल्दा लक्षण देखिएका व्यक्तिहरूलाई परीक्षणको दायारामा ल्याउन अभियान चलाएका छौ तर, नागरिकहरूकै लापरवाहीका कारण परीक्षणको दायारा बढाउने समेत चुनौती बन्ने गरेको छ ।'

तनहुँमा वैशाख महिना यता ३ हजार ६३२ जनाको पीसीआर र १ हजार ९९ जनाको एन्टिजेन प्रविधिबाट गरिएको कोरोना परीक्षणमा २ हजार १८७ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले जानकारी गराए ।

संक्रमित मध्ये ९३९ जना निको भएका छन् भने ६४ जनाको मृत्यु भएको छ । संक्रमित मध्ये ९ जनाको एचडियू, ३ जनाको आइसियूमा र ७४ जनाको संस्थागत आइसोलेशनमा उपचार भइरहेको स्वास्थ्य कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ । यस्तै, १ हजार ९९ जना होम आइसोलेशनमा रहेका छन् ।

स्वाथ्य कार्यालयको तथ्याङ्क अनुसार भानुमा १२४, व्यासमा ४१३, शुक्लागण्डकीमा २५४, भिमादमा १६१, म्याग्देमा ८२, घिरिङमा २९, ऋषिङमा २०, देवघाटमा १५, बन्दिपुरमा ५३ र आँवुखैरेनीमा ७ जना सक्रिय संक्रमित रहेका छन्। कोरोनासंग मिल्दा जुल्दा लक्षण देखिएका व्यक्तिहरू परीक्षणको दायारामा नआउने र उनिहरू घुमफिर, भेटघाटमा समेत सक्रिय हुँदा तनहुँमा कोरोना संक्रमण दर बढ्दै गएको निष्कर्ष निकालिएको छ।

# स्व पूर्णका स्मृतिमा अक्षयकोष स्थापना

भञ्ज्याङ समाचारदाता/दुलेगौंडा

तनहुँ मिडिया नेटवर्क प्रालिद्वारा सञ्चालित शुक्लागण्डकी एफएम ९७.६ मेगाहर्जका अध्यक्ष पूर्णकुमार श्रेष्ठका स्मृतिमा अक्षयकोष स्थापना गरिएको छ । रेडियोको स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका श्रेष्ठको गत जेठ १२ गते हृदयाघातका कारण ४८ वर्षका उमेरमा निधन भएको थियो।



स्व. पूर्ण श्रेष्ठ

उनको १३औं दिनका पुण्यतिथिमा आइतबार तीन लाख रूपैयाँको अक्षय कोष स्थापना गरिएको हो । समितिका निवर्तमान अध्यक्ष नारायण श्रेष्ठले कोषको घोषणा गर्दै तीन विधामा क्रियाशील व्यक्तिलाई वार्षिक रूपमा नगदसहित सम्मान गरिने जानकारी दिए । सो रकमबाट प्राप्त ब्याजले आगामी २०७९ असोज ४ गते रेडियो स्थापना भएको दिनको अवसर पारेर नगदसहित सम्मान गरिने भएको छ ।

यसअघि रेडियोको शुक्रबार वरिष्ठ उपाध्यक्ष ज्योति श्रेष्ठका अध्यक्षतामा बसेको बैठकले कोष स्थापना गर्ने निर्णय गरेको थियो । पत्रकारिता, साहित्य र समाज सेवाका क्षेत्रमा क्रियाशील व्यक्तिलाई सम्मान गरिने बताइएको छ ।

तनहुँ जिल्लाभित्र क्रियाशील मध्ये पत्रकारिता क्षेत्रमा लागेका एक, साहित्यिक क्षेत्रमा सक्रिय र शुक्लागण्डकी नगर क्षेत्रमा सामाजिक क्षेत्रमा सक्रिय व्यक्ति गरी तीन विधामा सम्मान गरिने छ । श्रेष्ठ रेडियोका संस्थापक उपाध्यक्ष थिए।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।,
**२) प्याथोलोजी ल्याब:-** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :-** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ। फोन : ०६५-५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

**श्री लक्ष्मी माध्यमिक विद्यालय**

आँबुखैरेनी गाउँपालिका-६, प्यूघरफाँट, तनहुँ

**कोटेशन माग सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०२/२४*

प्रस्तुत विषयमा यस श्री लक्ष्मी माध्यमिक विद्यालयको लागि आर्थिक वर्ष २०७७/०७८ मा **राष्ट्रपति शैक्षिक सुधार** कार्यक्रम अन्तर्गत प्राप्त हुने रू ६५००००/- (अक्षरूपी छ लाख पचास हजार रूपैया मात्र) मध्ये रू. ४९००००/- (अक्षरूपी चार लाख नब्बे हजार रूपैया मात्र) को १० ओटा ब्राण्डेड कम्प्युटर, टेबल, दराज, कुर्चीं लगायतका सामाग्रीहरू खरिद गर्नुपर्ने र रू १५१०००/- (अक्षरूपी एक लाख एकाउन्न हजार रूपैया मात्र)बाट इन्टरनेट जडान, वाइरिङ, प्रोजेक्टर सहितको कम्प्युटर कोठा व्यवस्थापन गर्नुपर्ने भएकोले सुचना प्रकाशित भएको **१५ दिन**भित्र सामाग्रीको नाम, कम्पनीको नाम, टिकाउपन तथा सोको मूल्य सहित खुलाएर रितपूर्वक अलग अलग गोप्य कोटेशन पत्र पेश गर्नुहुन सम्बन्धित फर्महरूलाई सुचित गरिन्छ ।

**तपशिल :**

**कोटेशन पेश गर्ने अन्तिम मिति :** २०७८/०३/०७ गते ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

- विस्तृत विवरण सहितको दररेट पत्र
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कर चुक्तको प्रमाणपत्र प्रतिलिपि ।

**सम्पर्क :** ९८४५१११६९७, ९८५५०११६३३

**श्री लक्ष्मी माध्यमिक विद्यालय**

आँबुखैरेनी गाउँपालिका-६, प्यूघरफाँट, तनहुँ

**पुस्तकालय तथा विज्ञान प्रयोगशालाका सामाग्रीहरू खरिदका लागि कोटेशन माग सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०२/२४*

यस विद्यालयलाई आर्थिक वर्ष २०७७/०७८ मा **विज्ञान प्रयोगशाला तथा पुस्तकालयको लागि राष्ट्रपति शैक्षिक सुधार** कार्यक्रम अन्तर्गत प्राप्त हुने रू. ६५००००/- (अक्षरूपी छ लाख पचास हजार रूपैया मात्र) मध्ये रू. ४५००००/- (अक्षरूपी चार लाख पचास हजार रूपैया मात्र) को टेबल, दराज, कुर्चीं, माइक्रोस्कोप, कक्षा १ देखी १० सम्मको विज्ञान सामाग्री, पुस्तकहरू लगायतका सामाग्रीहरू खरिद गर्नुपर्ने र रू. २०००००/- (अक्षरूपी दुई लाख रूपैया मात्र)बाट ल्याब कोठा व्यवस्थापन गर्नुपर्ने भएकोले सुचना प्रकाशित भएको **१५ दिन**भित्र सामाग्रीको नाम, कम्पनीको नाम, टिकाउपन तथा सोको मूल्य सहित खुलाएर रितपूर्वक अलग अलग गोप्य कोटेशन पत्र पेश गर्नुहुन सम्बन्धित फर्महरूलाई सुचित गरिन्छ ।

**तपशिल :**

**कोटेशन पेश गर्ने अन्तिम मिति :** २०७८/०२/३० गते ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

- विस्तृत विवरण सहितको दररेट पत्र
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कर चुक्तको प्रमाणपत्र प्रतिलिपि ।

**सम्पर्क :** ९८४५१११६९७, ९८५५०११६३३



**घिरिङमा कोरोना परीक्षण** : तनहुँको घिरिङ गाउँपालिका-३ मा गण्डकी प्रदेश, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालयको आयोजनामा कोरोना नियन्त्रण तथा ब्यबस्थापनका लागि समुदायस्तरमा कोरोना परिक्षण तथा ब्यबस्थापन कार्यक्रम अन्तरगत तनहुँ जिल्लामा परिचालन भएको टोली कोरोना परीक्षणमा खट्टिदै । टोलीले गाउँपालिकाका ३५ पुरूष र १८ महिला गरी ५३ जनामा कोरोनाको एन्टिजेन परीक्षण गर्दा १ जना पुरूषमा संक्रमण पुष्टि भएको छ । *तस्विर : भञ्ज्याङ*

# होम आइसोलेशनमा रेडक्रसको स्वयंसेवी

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाल रेडक्रस सोसाइटी दुम्सिकोट उपशाखा तनहुँले होम आइसोलेसनमा बसेकाहरूको घरघरा स्वास्थ्यकर्मीहरूको टोली सहित मनोसामाजिक परामर्श कार्यक्रम गरेको छ । आफ्ना कार्यक्षेत्र पर्ने डिहिगाउ, सेवर, दुम्सी चौर अंधेरिभञ्ज्याङ, दुम्सी बजार, कुमालटारी र बैरेनी टोली क्षेत्रमा रहेका सक्रिय संक्रमितको घरमै गएर स्वास्थ्यकर्मी सहितको टोलीले मनोसामाजिक परामर्श प्रदान गरेको हो । संक्रमित क्षेत्रका पौडेल नेतृत्वमा गएको टोलीले अतिविपन्न संक्रमित व्यक्तिको परिवारलाई उक्त उपशाखाका सदस्य इश्वर पौडेल तथा विशाल गिरिबाट स्वस्फूर्त रूपमा उपलब्ध



घरघरमा गएर वडा कोभिड फोकल व्यक्ति सरिता बोटेले संक्रमितहरूको स्वास्थ्यको अवस्थाबारे जानकारी लिदै आवश्यक औषधिसमेत वितरण गरिएका थिए । उक्त टोलीले रेडक्रसको तर्फबाट संक्रमितहरूलाई मनोसामाजिक परामर्श समेत उपलब्ध गराइएको थियो ।

युबा रेडक्रस समिति गण्डकी प्रदेशका संयोजक तथा उपशाखाका सभापति रामदत्त गराइएको खाद्यसामग्री र उपशाखाको तर्फबाट पौष्टिक आहार को प्याकेज समेत उपलब्ध गराइएको बताइएको छ ।

टोलीले होम आइसोलेसनम रहेका १८ जना संक्रमितहरूलाई सामाजिक दूरी कायम गर्दै होम आइसोलेशनमा बस्दा अपनाउनु पर्ने सतर्कता, खानु पर्ने कुराहरू, असजिलो हुँदा सम्पर्क गर्नुपर्ने स्वास्थ्य केन्द्र तथा व्यक्तिहरूको बारेमा सहजिकरण गरेको थियो ।

# पीसीआर प्रयोगशालाको .......

कार्यक्रम तर्जुमाका लागि तोकिएको श्रोत अनुमान र सिमाको आधारमा २०७८ जेठ मसान्त भित्र पेश गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने निर्णय बैठकले गरेको प्रवक्ता श्रेष्ठले जानकारी गराए ।

त्यस्तै, यस नगरपालिका भित्रका न्यून विद्यार्थी संख्या भएका विद्यालयलाई भौगोलिक अबस्थाको समेत विश्लेषण गरी विद्यालय एकीकरण प्रकृया अगाडि बढाउने बैठकले निर्णय गरेको छ । शिक्षकको दरबन्दी मिलान गर्ने, जेठ मसान्त भित्र विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा भएको प्रगति उपर समिक्षा गरी तोकिएको मिति भित्र व्यवस्थापन समिति गठन नभएका विद्यालयहरूको हकमा असार १ गतेदेखि लागु हुने गरी वडा समितिको समन्वयमा तदर्थ विद्यालय व्यवस्थापन समिति गठनका लागि आवश्यक तयारी गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरेको छ ।

बैठकले व्यास नगरपालिका युवा परिषद्को कार्यकारीणी समितिमा सुनिल मिश्र व्यास-०१, एलोज श्रेष्ठ व्यास-०२, निशा भण्डारी व्यास-११ र सञ्जु घले व्यास-०४ लाई मनोनयन गर्ने र ५१ जनाको युवा परिषद् गठन गर्ने निर्णय गरेको छ ।

नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग र यस नगरपालिका विच मिति २०७७ फागुन २१ गते भएको सम्झौता अनुसार विश्व वैंकको सहयोगमा निर्माण हुने पुर्वाधारहरूको डिजाइन तथा सुपरभिजन गर्ने परामर्शदाता नियुक्त गर्न कार्यविवरण तथा मुल्याङकनका आधार स्वीकृत गर्ने निर्णय बैठकले गरेको छ ।

## facebook twitter



**उषा कार्की**
twitter.com/Ushakar45440973

हेरक कुरा जान्न को लागि गहिराईमा पुग्न जरूरी छ तर मान्छे सङ समयको अभाब ले होला बास्तबिकता नबुझी औंल्याउछन मान्छेको मन समुन्द्र जस्तै हुन्छ त्यस भित्र राम्रा नराम्रा कुराहरू हुन्छन कसैलाई judge गर्नु भन्दा अघि उस्को मनको किताब अध्यन अवश्य गर्नुहोस रिस भित्र पनि माया लुकेको हुन्छ ।



**मोहन प्रसाद मैनाली**
twitter.com/mohanmainali

नागरिकको सेवा गर्ने कर्मचारी कत्तिको योग्यता र क्षमतावान छन् भन्ने कुरा बीस प्रतिशत मात्र हो । बाँकी असी प्रतिशत उसको इमानदारी हो । कुनैपनि कर्मचारी क्षमतावान छ तर भ्रष्ट भइदियो भने त्यो घातक हुन्छ। हामी पछि पर्नुको समस्या भनेकै इमानदारीको खडेरी पर्नु हो । *#इमान्दार-बनौं*



**भिम महर**
twitter.com/mahar05555

समय सबैभन्दा ठूलो व्यापारी छ जो जीवनसंग प्रत्येक पल खेलिरहन्छ सफल हुन् कोशिस, आशा, लक्ष्य उच्च मार्ग उचित होस्,कठिनाई यो छ कि व्यक्तिसंग अधिक छ तर त्यहाँ विश्वासमा शंका छ र आफ्नै शंकामा विश्वास ...!!!



**नविन कट्टेल**
twitter.com/kattelnabin1435

यहीँ माटोमा जन्म लिए, यहीँ माटोमा बिलाउनु छ ।
बाच्ने आधार यिनै खेतबारी, मलजल मिलाउनु छ ।।
भारी बोक्दाबोक्दै पिठ्युँमा फाटेर धुजाधुजा भयो ।
अलिकजेल त टिक्छ टालटुल पारी सिलाउनु छ ।।

# पत्रकार कल्याणकारी कोषमा गुरूङद्वारा आर्थिक सहयोग

**भञ्ज्याङ समाचारदाता**/दमौली

व्यास नगरपालिका-४ स्थायी घर भई हाल अमेरीकाको न्यूयोर्क निवासी सुवास गुरूङले नेपाल पत्रकार महासंघ तनहुँ शाखाको पत्रकार कल्याणकारी कोषमा सहयोग रकम प्रदान गरेका छन्।



गुरूङले कोषका लागि १० हजार ५५५ रूपयाँ सहयोग गरेका छन् । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य प्रदीप काफ्लेलाई आइतबार सहयोग रकम हस्तान्तरण गर्दै गुरूङले जिल्लाको संचार क्षेत्रको विकासमा खर्च हुने कोषका लागि आफुले सहयोग गरेको बताए। कोषमा हालसम्म करिब एक लाख रूपयाँ बढि संकलन भएको तनहुँ शाखाले जनाएको छ ।







**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४